ग. मेसीन बिग्रिएमा बिग्रीएको जानकारी मेसीन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भारका कार्य गरिने छ ।

घ. मर्मत सम्भारका कार्य गर्दा/गराउँदा मेसीन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

ङ. रु. १ लाख भन्दा बढी मर्मत खर्च हुने अवस्थामा मेकानिकल इन्जिनियरको सिफारिस लिई मर्मत गर्नु पर्नेछ ।

च. मर्मत/ईन्धन भुक्तानी गाउँसभाबाट स्वीकृत भएको वार्षिक बजेटबाट खर्च गर्न सकिने छ ।

**७. ब्याक हो लोडर सञ्चालन शुल्क :**

| क्र.सं. | कामको क्षेत्र | ब्याक हो लोडर भाडा दर | कैफियत |
|---|---|---|---|
| १ | नौमूले गाउँपालिका क्षेत्र भित्र गाउँ पालिकाको आफ्नो लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालन योजनाहरु | प्रति घण्टा रु १,२००.०० (इन्धन र मू.अ.कर बाहेक) | |
| | | प्रति घण्टा रु ३,०००.०० (इन्धन र मू.अ.कर सहित) | |
| २ | नौमूले गाउँपालिका क्षेत्र भित्र अन्य व्यक्ति निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालान योजनाहरु | प्रति घण्टा रु १,२०० (इन्धन र मू.अ.कर बाहेक) | |
| | | प्रति घण्टा रु ३,०००.०० (इन्धन र मू.अ.कर सहित) | |
| समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट समय-समयमा ब्याक हो लोडर सेवा शुल्क परिवर्तन गर्न सक्नेछ । | | | |

**८. ब्याक हो लोडर सञ्चालन समिति :**

क. ब्याक हो लोडर मेसीनलाई सञ्चालन तथा व्यवस्थापनका लागि तपशिल बमोजिमको एक समिति रहनेछ।

| | |
|---|---|
| १. गाउँपालिकाका अध्यक्ष | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. प्राविधिक शाखा प्रमुख | सदस्य |
| ४. आर्थिक प्रशासन शाखा | सदस्य |
| ५. योजना शाखा | सदस्य |
| ६. जिन्सी शाखा प्रमुख | सदस्य सचिव |

ख. समितिले आवश्यक ठानेमा पदाधिकारी, कर्मचारी, विशेषज्ञ वा अन्य सम्वन्धित व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सकिने छ ।



CamScanner

